# देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
Email: dewanganjmun@gmail.com


## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः-२०८१/०४/०८)**

प्रस्तुत विषयमा देवानगञ्ज गाउँपालिकाको कार्यालयको मिति २०८१/०४/०८ गतेको निर्णय अनुसार यस गाउँपालिकामा तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा उक्त कर्मचारीहरु करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा माग बमोजिमका कागजपत्र र राजश्व तिरेका रसिद सहित कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | न्युनतम योग्यता | परीक्षाको किसिम | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/०१/०८१-८२ | कृषि स्नातक करार | स्थानीय सेवाको छैठौं तह सरह | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि वा सो सरहको कोर्षमा स्नातक गरेको | लिखित र अन्तरवार्ता | १०००/- |
| २ | DRM/०२/०८१-८२ | सब-इञ्जिनियर | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना | सिभिल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको । | लिखित र अन्तरवार्ता | ६००/- |
| ३ | DRM/०३/०८१-८२ | सहायक कम्प्युटर अपरेटर | स्थानीय सेवाको चौथो तहख सरह | ४ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कम्प्युटर विषय लिई S.L.C./S.E.E. उतिर्ण वा S.L.C./S.E.E. गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम लिएको । | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | ६००/- |
| ४ | DRM/०४/०८१-८२ | प्लम्बर | श्रेणी विहिन | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्लम्बिङ सम्बन्धित आधारभुत तालिम लिएको | अन्तरवार्ता तथा आवश्यकता अनुसार प्रयोगात्मक | ६००/- |

१) **उमेद्धारको उमेरहद** : वि.नं. DRM/०१/०८१-८२ मा दरखास्त दिने अन्तिम दिन सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४५ वर्ष । वि.नं. DRM/०२, ०३ र ०४/०८१-८२ मा दरखास्त दिने अन्तिम दिन सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४५ वर्ष । अन्य प्रचलित कानुनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

२) **दरखास्त दिने स्थान** :- प्रशासन शाखा, देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी ।

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
Email: dewanganjmun@gmail.com

३) **दरखास्त दिने अन्तिम मिति** :- २०८१/०४/२२ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म ।

४) **दरखास्त दस्तुर बुझाउने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरीको राजस्व शाखामा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ ।

५) **दरखास्त फारम** : देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

६) **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव भएकालाई विशेष प्राथमिक्ता दिइने भएको हुँदा अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) **पारिश्रमिक तथा सेवा सुविधा** :- करार सम्झैता बमोजिम हुनेछ ।

८) **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- करार सम्झैता बमोजिम हुनेछ ।

९) **सम्पर्क मिति** : २०८१/०४/२३ गते

१०) **परिक्षाको मिति** : सम्पर्क मितिको दिन तोकिने छ ।

११) **सम्पर्क** : Email Id dewanganjmun@gmail.com , Website: www.dewanganjmun.gov.np

- **श्री सुचना प्रविधि अधिकृत, कार्यालयको बेबसाइटमा सूचना प्रकाशन गर्न हुन ।**

...........................................

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत